आज मिति २०७६/०६/ ३० गते बुधबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेत्तेन गुरुङ ज्यूको संयोजकत्वमा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताब उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री फेन्चोक छेत्तेन गुरुङ | सभा अध्यक्ष | |
| २ | श्री दिकी गुरुङ | सभा उपाध्यक्ष | |
| ३ | श्री दिपक रेग्मी | प्रमुख प्रशासकिय अधिकृत | |
| ४ | श्री विर वहादुर गुरुङ | सभा सदस्य | |
| ५ | श्री छिन नाम्ग्या गुरुङ | | |
| ६ | श्री नविन कुमार गुरुङ | | |
| ७ | श्री तेन्जिङ नाम्गेल गुरुङ | | |
| ८ | श्री राप्के गुरुङ | | |
| ९ | श्री साङमो छिरिङ गुरुङ | | |
| १० | श्री फुल कुमारी विश्वकर्मा | | |
| ११ | श्री लक्ष्मी कुमारी गुरुङ | | |
| १२ | श्री देवि गुरुङ | | |
| १३ | श्री फुलमाया वि.क. | | |
| १४ | श्री छिरिङ आङ्ग्याल गुरुङ | | |
| | अन्य उपस्थिति | | |
| १५ | श्री सूर्य प्रसाद तिमिल्सिना | | |
| १६ | श्री बलेन्द्र रामहरिजन | | |
| १७ | | | |

प्रस्ताब नम्बर १ : उपभोक्ता समिति गठन सम्बन्धमा ।

प्रस्ताब नम्बर २ : म्याद थप सम्बन्धमा ।

प्रस्ताब नं. ३ :आयोजना छनौट सम्बन्धमा ।

**प्रस्ताब नं. ४ :** दर रेट सम्बन्धमा ।

**प्रस्ताब नं. ५ :**करार सेवामा इन्जिनियर नियुक्ति गर्ने सम्बन्धमा ।

**प्रस्ताब नं. ६ :** झोलुङ्गे पुल निर्माण सम्वन्धमा सम्वन्धमा ।

**प्रस्ताब नं. ७ :** सेवा प्रदायक संस्था छनौट सम्बन्धमा ।

**प्रस्ताव न ८** जिल्ला प्रकोप व्यवस्थापन समितिबाट प्राप्त विलको रकम भुक्तानी सम्वन्धमा ।

**निर्णयहरु :**

**निर्णय नम्बर १ :** प्रस्ताब नम्बर १ माथि छलफल गर्दा कार्तिक मसान्त सम्ममा सबै आयोजनाको उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो । एक गाउँमा परेका ५ लाख भन्दा कम लागत भएका योजनाहरु संयुक्त रुपमा सम्पादन गर्नको लागि एउटै उपभोक्ता समिति मार्फत गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २ :** प्रस्ताब नम्बर २ माथि छलफल गर्दा निम्न लिखित आयोजनाको म्याद २०७७ असार मसान्त सम्मलाई थप गर्ने निर्णय गरियो ।

-गाउँपालिकाको गुरुयोजना निर्माण सम्बन्धमा रु. १०००००/-(अक्षरुपी दश लाख मात्र)

-ढनागता सिंढी तथा पोल सार्ने २०००००/-(अक्षरुपी रु दुई लाख मात्र)

-

**निर्णय नम्बर ३ :** प्रस्ताब नम्बर ३ माथि छलफल गर्दा तपशिल बमोजिमका आयोजना छनौट गर्ने निर्णय गरियो ।

क) खिंगा टेलिफोन टावर निर्माण-रु. ५ लाख
ख) खिंगा खानेपानी योजना थप- ४ लाख
ग) झारकोट आमा समूह भवन तथा सिंचाई कुलो निर्माण -रु. ५ लाख
घ) पाकलिङ सिंचाई कुलो मर्मत - २ लाख
ङ) पाकलिङ देखि ढाकरजुङ सम्म मोटरबाटो मर्मत -३ लाख
च) झारकोट खिंगा मोटरबाटो मर्मत-१ लाख

**निर्णय नं. ४ :** आ.व २०७६/७७ को लागि यसैसाथ संलग्न बमोजिम दर रेट निर्धारण गर्ने निर्णय गरियो । ढुवानीको लागि समरको लागि १० प्रतिशत र शाङताको लागि अतिरिक्त ५० प्रतिशत ढुवानी निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताब नं. ५ माथि छलफल गर्दा गाउँपालिकामा प्राबिधिक जनशक्तिको अभाव भई बिभिन्न योजनाका काम गर्न कठिनाई भएको हुँदा योजनाको कन्टिनजेंसीबाट तलब सुबिधा दिने गरि एक जना सिभिल इन्जिनियर नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा खिंगा फु झिलिङ झोलुङ्गे पुल निर्माण सुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिकाको गुरुयोजना निर्माण गर्न सम्बन्धमा यस गाउँपालिकामा पेश भएको प्रस्ताव मध्ये नेपाल बिकास अध्ययन संस्था कास्की पोखरालाई छनौट गरि काम अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न. ८** प्रस्ताव नम्वर ८ माथी छलफल गर्दा जिल्ला दैवि प्रकोप उद्धार समितिबाट प्राप्त विल वमोजिमको सामान खरिद गरेको रकम भुक्तानी दिने निर्णय गरियो ।